का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ भदौ २०७९,
बुधबार
24 August 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक २०० । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com




नेपाली कांग्रेस नेतृत्वको गठबन्धनले थप आकार बढाउँदै लगेपछि एक्लिन पुगेको नेकपा एमालेले चुनावपछि बहुमतको सरकार बनाउने उद्देश्य लिएको छ । चुनावको नारा नै एमालेको बहुमतको सरकार तय गर्ने तयारीमा नेताहरु जुटेका छन् ।

# एक्लिएको एमालेको सत्ता सपना



"एमाले एक्लैले बहुमतको सरकार बनाउने नारा लिएर अभियानमा हामी जान्छौं । राम्रोसँग लाग्दा बहुमतको सरकार बन्छ ।

**पृथ्वीसुब्बा गुरुङ**
**प्रचार प्रमुख, नेकपा एमाले**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

चुनावी तयारीमा केन्द्रीत रहेर नेकपा एमालेले मंगलबारबाट पार्टी बैठक शुरु गरेको छ । केन्द्रीय कार्यालय च्यासलमा मंगलबार स्थायी कमिटी बैठक बसेको छ । बैठकले पोलिटब्यूरो, केन्द्रीय कमिटी र केन्द्रीय निर्वाचन परिचालन कमिटीको बैठकमा पेश गर्ने एजेण्डा प्रस्तुत गर्नेछ ।

प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले चुनावबारे केन्द्रीत एजेण्डामाथि छलफल शुरु भएको बताए । 'सचिवालयले तय गरेको एजेण्डामाथि स्थायी कमिटीमा छलफल भएको छ । स्थायी कमिटीबाट त्यो एजेण्डा पोलिटब्यूरो र केन्द्रीय कमिटीमा जान्छ', गुरुङले भने । स्थायी कमिटी बैठकमा नेताहरुले चुनावी एजेण्डा र नारा तय गर्नेबारे अध्यक्ष केपी शर्मा ओलीलाई सुझाव दिएका छन् ।

सातै प्रदेशका इन्चार्जले पार्टीको अवस्थाबारे जानकारी दिएका थिए । सँगै, राजनीतिक प्रतिवेदनमा समेटिनुपर्ने विषयबारे सुझाव दिए । 'नेताहरुले आगामी सरकार एमालेको बहुमतको' भन्ने हुनुपर्ने सुझाव दिनुभएको छ' स्थायी कमिटी सदस्य शेरबहादुर तामाङले भने । उनका अनुसार, चुनावपछि एमालेको सरकार बन्ने नारालाई थप समृद्ध बनाउनेगरी नेताहरुले सुझाव दिएका थिए । यही एजेण्डा अन्य कमिटीमा पनि जानेछ र पारित हुनेछ । एमालेले तय गर्ने नारा चुनावी घोषणापत्रमा उल्लेख गरिनेछ । एमालेले अध्यक्ष ओलीको संयोजकत्वमा निर्वाचन परिचालन कमिटी गठन गरेको छ । निर्वाचन परिचालन कमिटीमा केन्द्रीय कमिटी सदस्यहरु, प्रदेश कमिटीका पदाधिकारी, जनसंगठनका अध्यक्ष र महासचिव, विभागका सचिवहरु र केन्द्रीय निकायका पदाधिकारी रहनेछन् ।

घोषणापत्र मस्यौदा कमिटी पनि अध्यक्ष ओलीकै नेतृत्वमा बनेको छ । भदौ ९ गते बस्ने पोलिटब्यूरो, १० र ११ गते बस्ने केन्द्रीय कमिटी र १२ गते बस्ने निर्वाचन परिचालन कमिटीको बैठकबाट प्राप्त सुझाव समेटेर घोषणापत्र तयार पार्ने एमाले नेताहरुले जनाएका छन् । घोषणापत्र र निर्वाचन परिचालन कमिटी दुवैमा आगामी सरकार एमालेको बनाउने सन्देश दिइने नेताहरुले बताएका छन् ।

तर सत्ता गठबन्धनमा थपिने दलहरु बढेकाले एमालेले चुनाव जित्न भने सजिलो देखिदैन । गएको स्थानीय चुनावमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाबीच गठबन्धन भएको थियो । तर यो गठबन्धनमा अन्य दलहरु पनि थपिने सम्भावना बढेको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले आगामी चुनावमा सत्ता गठबन्धनसँग सहकार्य गर्ने तयारी गरेको छ । लोसपाले स्थानीय चुनावमा एमालेसँग सहकार्य गरेको थियो । त्यो सहकार्यबाट धेरै लाभ भने लिन सकेन । त्यसपछि नीति फेर्दै लोसपाले एमालेसँग नभएर सत्ता गठबन्धनसँग सहकार्य गर्ने तयारी गरेको छ । जसपा विभाजित भएर बनेको नेपाल समाजवादी पार्टीले पनि सत्ता गठबन्धनमै भाग लिने भएको छ । स्थानीय चुनावमा भाग नलिएपनि वामदेव गौतमले आगामी चुनावमा सत्ता गठबन्धनसँग सहकार्य गर्ने भएको छ ।

तर एक्लिएको एमालेको सपना भने सत्ताकै छ । आगामी सरकार बहुमत प्राप्त एमालेको राख्ने तयारी एमालेले गरेको छ ।

जबराविरुद्धको महाअभियोग

# अझै शुरु भएन अध्ययन



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

महाअभियोग सिफारिस समिति सुस्त भएको छ । निलम्बित प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको महाअभियोगमाथि अध्ययन गर्ने जिम्मेवारी पाएको १७ दिनसम्म काम सुरु गर्न सकेको छैन ।

२२ साउनमा जबराविरुद्धको महाअभियोग अध्ययन गर्ने जिम्मेवारी पाएको समितिको पहिलो बैठक भदौ १ गते बसेको थियो । पहिलो बैठकले आन्तरिक कार्यविधि दोस्रो बैठकबाट पारित गर्ने र दोस्रो बैठकमा कार्यतालिका पास गर्ने निर्णय गरेर सकिएको थियो । अर्थात, पहिलो बैठक जबराविरुद्धको अध्ययनमै प्रवेश नै गरी सकिएकोमा दोस्रो बैठकबाट समिति जबराविरुद्धको महाअभियोगमा प्रवेश गर्ने अपेक्षा थियो । तर, त्यस अनुसार मंगलबारको दोस्रो बैठक अगाडि बढ्न सकेन । बरु एमालेले महाअभियोगउपर अध्ययन सुरु गर्नु अघि सभामुख अग्नि प्रसाद सापकोटासँग महाअभियोग ढिला हुनुको कारण सोध्नुपर्ने अडान राखे को छ । परिणामा समितिमा प्रस्तुत कार्यतालिका अगाडि बढ्न सकेन । समितिको आन्तरिक कार्यविधि पनि पारित हुन सकेन ।

सिफारिस समिति सचिवालयले भने भदौ २९ गतेभित्र निलम्बित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्धको महाअभियोगमाथि अध्ययन सकाएर टुंगो लगाउन सक्ने गरी कार्यतालिका तय गरेको छ । एकसाता भित्रै निलम्बित प्रधानन्यायाधीश जबरालाई सफाइ पेश गर्न मौका दिने, संकलित कागजात अध्ययन गर्ने र थप कागजात मगाएर अध्ययन गरेर हाउसमा अध्ययन प्रतिवेदन बुझाउने प्रस्तावित कार्यतालिका छ । प्रस्तावित कार्यतालिका मंगलबारको समिति बैठकमा प्रस्तुत भएको हा ।

तर, एमालेले महाअभियोग ढिलो गरी अगाडि बढाउनुको कारण खोजी गरेर मात्रै अगाडि बढ्नुपर्ने अडान लिएको छ । एमाले बाहेकका दलहरुले २९ गते भित्र सकाउने भनिएकोमा केही दिन घटाएर भदौ २५ गतेभित्रै पठाउनुपर्ने बताएका छन् । एमालेको असन्तुष्टिका कारण मंगलबार कार्यतालिकामाथि कुनै निर्णय हुन सकेन ।

४ मंसिरका लागि तय भएको प्रदेश र प्रतिनिधिसभाको चुनावको लागि समानुपातिक तर्फको बन्दसूची असोज २ गते बुझाउनुपर्ने निर्वाचन आयोगको कार्यतालिका रहेका कारण त्यसपछि महाअभियोग अगाडि बढाउन संसदलाई नैतिक प्रश्न उठ्ने भएकाले त्यस अगावै महाअभियोग टुंगो लगाउनुपर्ने सत्तारुढ दलका नेताहरुको भनाई रहेको छ । १ फागुन २०७८ मा प्रतिनिधिसभामा दर्ता भएको

– बाँकी पृष्ठ २ मा

कर्मचारी समायोजनसम्बन्धी मुद्दा

# समायोजन विवाद टुंगियो, लोकसेवालाई बाटो खुला



सर्वोच्च अदालतले कर्मचारी समायोजनसम्बन्धी मुद्दामा परमादेश दिएको छ । जस अनुसार कर्मचारीको समायोजन विवाद टुंगिएको छ भने लोकसेवा आयोगलाई पनि बाटो खुला भएको छ ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले कर्मचारी समायोजनसम्बन्धी मुद्दाहरुमध्ये १३ वटामा परमादेश जारी गरेको छ । जस अनुसार कर्मचारीको समायोजन विवाद टुंगिएको छ भने लोकसेवा आयोगलाई पनि बाटो खुला भएको छ ।

सर्वोच्चमा कर्मचारी समायोजनसम्बन्धी कूल ९८ थान मुद्दा रहेको थियो । जसमध्ये १३ वटामा परमादेश जारी गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्यको रिट खारेज गरिदिएको छ ।

सरकारले निजामती कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय सेवामा समायोजन गरेपछि सर्वोच्च अदालतमा रिट दायर भएको थियो । कर्मचारी

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# संघको नयाँ निर्वाचनबारे छलफल शुरु

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ

आगामी कात्तिक मसान्तसम्म नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा तथा नयाँ कार्यसमितिको निर्वाचन हुने सम्भावना बढेको छ । संघले आधिकारिकरूपमा निर्णय गरी नसकेको भएपनि संयोजक विमल ढकालले आगामी असोज १६ वा कात्तिक ३१ गते साधारणसभा र निर्वाचन गर्ने मिति तोक्ने विषयमा संघमा प्रतिनिधित्व गर्ने घटक संस्था लगायत व्यवसायीहरूबीच छलफल भइरहेको बताए ।

'उपयुक्त समय कुन हो भन्नेमा छलफल भइरहेको छ,' संयोजक ढकालले मध्यान्हसंग भने, 'सबै व्यवसायीका लागि अनुकुल समय मिलाएर निर्वाचनको मिति तोकिने छ ।'

जिल्ला प्रशासन कार्यालय काठमाडौंले संघका पूर्वअध्यक्ष ढकाललाई संघको साधारणसभा र निर्वाचन गर्नका लागि गत फागुन ९ गते संयोजक तोकी जिम्मेवारी दिएको थियो । जिल्ला प्रशासन कार्यालय काठमाडौंले ढकाललाई ९ सदस्यीय तदर्थ कार्यसमिति गठन गर्ने म्यान्डेट दिएको भएपनि हाल कार्यसमिति ७ सदस्यीय मात्र छ ।

अध्यक्ष ढकालको नेतृत्वमा तदर्थ कार्यसमिति गठन भएको ६ महिनासम्म साधारणसभा र निर्वाचन नभएपछि संघका पूर्वअध्यक्ष रोहन गुरूङलगायतले साधारणसभा गरी वैधानिक भएर संस्था चलाउनुपर्ने सुझाव सामाजिक सञ्जालमा राखेका थिए ।

संयोजक ढकालले इजाजत नवीकरणका लागि संख्या सयको समस्या समाधान र कोभिडपछि बजार प्रवर्द्धनका लागि व्यवसायी विदेश जानुपर्ने लगायतका कारण निर्वाचनको मिति नतोकिएको भन्दै आफू सकेसम्म छिटो निर्वाचन गराएर निर्वाचित नेतृत्वलाई संघको जिम्मेवारी हस्तान्तरण गर्ने हतारोमा रहेको बताए ।

पछिल्ला केही वर्षयता संघको निर्वाचनमा सरकारमा सहभागी राजनीतिक दल निकट व्यवसायीहरूको एउटा प्यानल र प्रतिपक्ष दल निकट व्यवसायी र अन्य व्यवसायीहरूको अर्को प्यानल बन्ने गरेको छ ।

ढकाललाई संयोजक तोक्न नेपाल वैदेशिक रोजगार व्यवसायी लोकतान्त्रिक एशोसिएसन, वैदेशिक रोजगार व्यवसायी गणतन्त्रिक मञ्च, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन र समाजवादी वैदेशिक रोजगार व्यवसायी संघको लिखित सहमति थियो ।

संघको आगामी निर्वाचनमा संघ तथा प्रदेश निर्वाचनमा जस्तै सत्तारूढ दल निकट व्यवसायीको प्यानल बन्ने बलियो सम्भावना रहेको बताइन्छ । संघको गत पुस २३ गते तोकिएको निर्वाचनका लागि प्रमुख प्रतिपक्ष नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालसहितको सहमतिमा कार्यसमिति निर्विरोध चयन गर्ने तयारी भएको भएपनि अध्यक्ष लगायतका पदमा व्यवसायीबीच सहमति हुन सकेको थिएन ।

केही दिनअघि एशोसिएसनले समेत सन्दर्भ

– बाँकी पृष्ठ २ मा




मध्यान्ह
www.madhyanhadaily.com
८ भदौ २०७९, बुधबार
24 August 2022, Wednesday

# उच्चस्तरीय तलब सुविधा आयोग गठन गर्ने सरकारको निर्णय

**काठमाडौं/मस–** सरकारले राष्ट्रसेवक कर्मचारी र श्रमिकहरुको न्यूनतम तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरावलोकनका लागि उच्चस्तरीय तलब सुविधा आयोग गठन गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को भदौ ६ गते बसेको बैठकले देशको आर्थिक अवस्था र खर्च बहन गर्नसक्ने क्षमता समेतका आधारमा कर्मचारी र श्रमिकको तलब, भत्ता, पारिश्रमिक एवम् सुविधा पुनरावलोकन गर्न आवश्यक अध्ययन गरी सरकारलाई सिफारिस गर्न पूर्व मुख्यसचिव लीलामणि पौडयालको संयोजकत्वमा सो आयोग गठन गरेको हो ।

मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न मंगलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले उच्चस्तरीय पारिश्रमिक एवम सुविधा पुनरावलोकनका लागि तलब सुविधा आयोग गठन गर्ने निर्णय भएको बताए ।

बैठकले बालाजु-त्रिशूली सडक खण्डको (मुड्खु-तिनपिप्ले) पाँच दशमलव  पाँच किलोमिटर सडक निर्माण कार्य तत्काल अगाडि बढाउन विशेष परिस्थितिमा बोलपत्र आह्वान गरी खरिद प्रक्रियामा लैजान सैद्धान्तिक सहमति प्रदान गरेको छ ।

यसैबीच मन्त्रिपरिषद् बैठकले सहरी विकास मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा गरी पाँच सय ८४ वटा अधिकृतस्तरका कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गरेको छ ।

सहरी विकास मन्त्रालयमा तीन सय ८० र कृषि तथा पुशपन्छी विकास मन्त्रालयमा दुई सय चार गरी कुल पाँच सय ८४ अधिकृतस्तरका कर्मचारी अस्थायी दरबन्दी



स्वीकृत गरेको सञ्चारमन्त्री कार्कीले बताउनुभयो । उहाँका अनुसार सहरी विकास मन्त्रालयअन्तर्गत सञ्चालन हुने विकास आयोजना/कार्यक्रमहरु सञ्चालन गर्न आर्थिक वर्ष २०७९/८० का लागि राजपत्राङ्कित श्रेणीका कर्मचारीको दरबन्दी थप गर्ने निर्णय गरिएको छ ।

त्यसैगरी आर्थिक वर्ष ०७९/८० का लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत राजपत्राङ्कित श्रेणीका कर्मचरीको दरबन्दी थप गर्ने निर्णय गरिएको मन्त्री कार्कीले बताए ।

मन्त्रिपरिषद् बैठकले संयुक्त राष्ट्रसङ्घको अनुरोधमा 'युनाइटेड नेसन्स मल्टीडाइमेनसनल इन्टीग्रेटेड स्टयाबीलाईजेसन मिसन इन  माली' मामा सशस्त्र प्रहरी बल, नेपालका एक सय ४० जना 'फर्मड पुलिस  युनिट' परिचालन गर्न स्वीकृति दिने निर्णय गरेको छ ।

बैठकले विमानस्थलमा मात्र ट्रान्जिट हुनेबाहेक विदेशी नागरिकलाई नेपालबाट तेस्रो मुलुकमा जान प्रस्थान अनुमति नदिने गरी मन्त्रिपरिषद्बाट २०७८ वैशाख १३ गते भएको निर्णय खारेज गरेको छ ।

आगामी भदौ २० देखि २३ गतेसम्म रस्सियामा हुने 'सेकेण्ड इन्टरनेशनल टाईगर फोरम' सम्बन्धी कार्यक्रममा वन तथा वातावरणमन्त्री प्रदीप यादव र सचिव डा पेमनारायण कँडेललाई सहभागी हुन स्वीकृति दिने बैठकले निर्णय गरेको छ ।

यस्तै बैठकले बेलायतमा भदौ २२ देखि २४ सम्म सरकारी निकाय० ले आयोजना गर्ने 'दि एक्सपोजार प्रोग्राम एन्ड नलेज सेयरिङ रिलेटेड टू दी एरबोर्न लिडार प्रोजेक्ट' सम्बन्धी भ्रमण कार्यक्रममा सहभागी हुन सचिव रामप्रसाद थपलियालाई स्वीकृति दिने निर्णय गरेको छ ।

बैठकले महिला, शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना स्वीकृत गरेको छ । फौजदारी कसुर (कैद कट्टा) (दोस्रो संशोधन) नियमावली, २०७८ स्वीकृति गर्ने निर्णय गरेको छ। विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ स्वीकृत गर्ने निर्णय गरेको मन्त्रिपरिषद्ले तत्काल समस्या समाधान निर्देशिका, २०७९ पनि स्वीकृत गरेको छ ।

विदेशस्थित नेपाली नियोगकको आर्थिक कार्यविधि, २०७९ स्वीकृत गरिएको छ। साथै बैठकले राष्ट्रिय चिकित्सा शिक्षा (दोस्रो संशोधन) नियमावली, २०७९ स्वीकृत गरेको छ । राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव नारायप्रसाद शर्मा दुवाडीलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने निर्णय भएको छ।

# स्रोत खुल्ने कार्यविधि बनाउन नगरपालिका तयार

**कर्णाली/मस–** विद्यार्थीबाट शैक्षिक शुल्क उठाउन नपाउने अदालतको फैसलापछि सामुदायिक विद्यालयका माग पूरा गर्न वीरेन्द्रनगर नगरपालिका तयार भएको छ ।

नगरपालिकाले विद्यालय सहायतासम्बन्धी कार्यविधि बनाई तत्काल देखिएका समस्या सुल्झाउने भएको हो ।

नगरपालिकाले नगर शिक्षा ऐन, २०७५ अन्तर्गत आर्थिक सहायतासम्बन्धी कार्यविधि बनाउनेछ । नगरपालिकाका शिक्षा शाखा प्रमुख (उपसचिव) धीरेन्द्रप्रसाद शर्माले प्रचलित कानुनबमोजिम सङ्घ र प्रदेश सरकारसँग सहकार्य गर्दै आवश्यक कार्यविधि निर्माण गर्ने जानकारी दिए ।

विद्यार्थीको भारका कारण शिक्षकको कमी भएपछि सुर्खेत उपत्यकाभित्रका सामुदायिक विद्यालयले विद्यार्थीबाट विभिन्न नाउमा शुल्क उठाएर शिक्षक व्यवस्थापन गर्दै आएका थिए । तर उच्च अदालतले माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनुपर्ने संवैधानिक व्यवस्थाविपरित विद्यार्थीबाट कुनै प्रकारका शुल्क लिन नपाइने फैसला गरेपछि सामुदायिक विद्यालयले मङ्गलबारदेखि पठनपाठन बन्द गर्ने चेतावनी दिएका थिए ।




अदालतको फैसलाविपरीत विद्यार्थीबाट रकम उठाएको सूचना पाएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वीरेन्द्रनगर ६ स्थित जन नमूना माविबाट स्रोत नखुलेको रु दुई लाख नियन्त्रणमा लिएको थियो । त्यसपछि यहाँका सामुदायिक विद्यालय विज्ञप्ति जारी गर्दै शिक्षक व्यवस्थापनका लागि नगरपालिकाको ध्यानाकर्षण गराएका थिए । यहाँका सामुदायिक विद्यालयले विद्यार्थी अनुपातअनुसार शिक्षकको दरबन्दी नहुँदा निजी स्रोतबाट शिक्षक व्यवस्थापन गर्दै आएका छन् । अदालतले विद्यार्थीको निःशुल्क शिक्षासम्बन्धी अधिकार हनन् हुने गरी शुल्क असुल नगर्न फैसला गरेपछि सामुदायिक विद्यालयले सङ्कटमा परेका हुन् ।

नगर शिक्षा शाखा प्रमुख शर्माले विद्यालयलाई सहयोग गर्नेहरूको स्रोत खुलाउने सम्बन्धमा विद्यालयहरू पनि सहमत भएको बताए । 'सामुदायिक विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षहरूले बुझाएको ज्ञापनपत्रमाथि व्यापक छलफल गरी साझा निष्कर्शमा पुगेका छौँ' उनले भने, 'तत्काललाई पठनपाठन अवरुद्ध नगरी समस्या समाधान गर्ने सहमति भएको छ ।' वीरेन्द्रनगर नगरपालिकाका ६० वटै विद्यालयले वार्षिक खर्चको आधारमा अनुदानको व्यवस्था गरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ कार्यान्वयन गर्न माग गरेका छन् ।

# वडा अध्यक्षलाई कार्यकक्ष मै हातपात

**मकवानपुर/मस–** हेटौंडा उपमहानगरपालिका-४ का वडाध्यक्ष नवीन सिग्देलमाथि हातपात भएको छ । नेकपा एमालेका सचिव समेत रहेका वडाध्यक्ष सिग्देलमाथि सानु लामा दोङले कार्यकक्षमा नै हातपात गरेका हुन् । दोङले आफु माथी हातपात गरेको भन्दै वडाध्यक्ष सिग्देलले लामाविरुद्ध जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएका छन । वडा अध्यक्ष सिग्देलले आफूमाथि हातपात गरेको भन्दै कारवाहीको माग गरे पछि प्रहरीले दोङको घरमा छापा मारेको थियो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक प्रहरी प्रवक्ता टेकबहादुर कार्कीका अनुसार एमालेकै जिल्ला सदस्यसमेत रहेका दोङको खोजी कार्य भईरहेको छ ।

# आयात र निर्यात दुवै घट्यो

**काठमाडौं/मस–** चालु आर्थिक वर्षको पहिलो महिनामा कूल वस्तु आयात झण्डै १३ प्रतिशतले घटेको छ । भन्सार विभागले मंगलबार सार्वजनिक गरेको गत साउन महिनाको विवरणअनुसार कूल आयात १२ दशमलव ९० प्रतिशतले घटेको छ ।

यस्तै, सोही महिनामा कूल वस्तु निर्यातसमेत २८ दशमलव ६८ प्रतिशतले ओरालो लागेको छ। विभागका अनुसार गत साउन महिनामा रु एक खर्ब ३१ अर्ब २८ करोड ६० लाख ६६ हजार बराबरको वस्तु आयात भएको छ। गत वर्षको सोही अवधिमा नेपालले रु एक खर्ब ५० अर्ब ७३ करोड १७ लाख १९ हजारको वस्तु आयात गरेको थियो ।

गत वर्षको साउनमा नेपालले रु २० अर्ब ७६ करोड ५१ लाख १७ हजार बराबरको वस्तु निर्यात गरेकामा चालु आवको सोही महिनामा रु १४ अर्ब ८० करोड ९७ लाखको वस्तु निर्यात गरेको तथ्याङ्कमा समावेश छ ।

गत साउन महिनामा कूल रु एक खर्ब १६ अर्ब ४७ करोड ६३ लाख बराबरको व्यापार घाटा भएको छ । गत वर्षको सोही महिनामा नेपालले रु एक खर्ब २९ अर्ब ९६ करोड ६६ लाख बराबरको व्यापारघाटा सहेको थियो ।

कूल रु एक खर्ब ४६ अर्ब नौ करोड ५७ लाख बराबरको वैदेशिक व्यापार भएको छ। विसं २०७८ को साउनमा मुलुकले रु एक खर्ब ७१ अर्ब ४९ करोड ६८ लाख बराबरको वैदेशिक व्यापार गरेको थियो । विभागका अनुसार वस्तु आयातबाट रु ३१ अर्ब ९६ करोड १६ लाख बराबरको राजस्व सङ्कलन भएको छ।

## जबराविरुद्धको...

जबराविरुद्धको महाअभियोगउपर अध्ययन गर्ने जिम्मेवारी महाअभियोग सिफारिस समितिले २२ साउनमा पाएको थियो । जिम्मेवारी पाएको ९ दिनपछि महाअभियोग सिफारिस समितिको पहिलो बैठक बसेको थियो। दोस्रो बैठक मंगलबार बसेको हो । अर्को बैठक बुधबार दिउँसो २ बजे राखिएको छ ।

समितिमा नेकपा एमालेका बिष्णु पौडेल, लालबाबु पण्डित, शिवमाया तुम्बाहाम्फे, कृष्णभक्त पोखरेल सदस्य छन् । कांग्रेसबाट मीनबहादुर बिश्वकर्मा र रामबहादुर बिष्ट सदस्य छन् , माओवादी केन्द्रबाट यशोदा सुवेदी र रेखा बिष्ट सदस्य छन्। नेकपा (एकीकृत समाजवादी)बाट कल्याणी खड्का, लोकतान्त्रिक समाजवादी पार्टीबाट एकवाल मियाँ र जनता समाजवादी पार्टीबाट प्रमोद साह सदस्य बनेका छन् ।

## कर्मचारी...

समायोजनसम्बन्धी मुद्दामा गम्भीर संवैधानिक व्याख्या गर्नुपर्ने भन्दै सवोच्चले संवैधानिक इजलासमा पठाएको थियो । कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीसहित, न्यायाधीशहरु विश्वम्भरप्रसाद श्रेष्ठ, अनिल कुमार सिन्हा, वमकुमार श्रेष्ठ र टंकबहादुर मोक्तान रहेकाको संवैधानिक इजलासले यस्तो गरेको हो ।

सरकारले निजामती सेवामा रहेका कर्मचारीहरुलाई स्थानीय र प्रदेश सभामा समायोजन गरेको थियो। यस क्रममा कनिष्ठ कर्मचारीहरुलाई स्थानीय र प्रदेश तहमा पठाउने भएको थियो। आफूहरुलाई अन्यायपूर्ण तरिकाले समायोजन गरिएको भन्दै कर्मचारीहरुल सर्वोच्च अदालतमा मुद्दा हालेका थिए । सर्वोच्च अदालतको संवैधानिक इजलासले कर्मचारी समायोजनसम्बन्धी परेका ९८ मुद्दाहरुमध्ये १३ वटामा परमादेश जारी गर्दै कर्मचारीको समायोजन विवाद टुंगो लगाएको हो । जसबाट लोकसेवा आयोगलाई पनि थप कर्मचारी लिने सन्दर्भमा बाटो खुला भएको छ ।

पूर्ववर्ती केपी शर्मा ओली नेतृत्वको सरकारले कर्मचारी समायोजन गरेको हो । त्यसबेला संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीमा लालबाबु पण्डित थिए । उनैको जोडबलमा कर्मचारी समायोजन भएको हो । कर्मचारी समायोजनपछि कतिपयले असन्तुष्टि जनाएर सर्वोच्च अदालतमा मुद्दा हालेका थिए ।

कर्मचारी समायोजनमा त्रुटी भएको भनेर सरोकारवालाहरु संघीय निजामति कर्मचारी सम्बन्धी विधेयकमा समेत ख्याल गर्नुपर्ने बताउँदै आएका छन्। खासगरी मुलुक एकात्मक शासन व्यवस्थाबाट संघीय संरचनामा गएपछि संविधान अनुसार संघीय कर्मचारीहरुको समायोजन गरेर स्थानीय तह र प्रदेशमा पठाउनुपर्ने थियो । त्यस अनुसार कर्मचारी समायोजन भइसकेको छ। साथसाथै प्रदेश लोकसेवा आयोग गठन भएर प्रदेशले कर्मचारी भर्ना गर्न पाउने संवैधानिक अधिकार छ । तर, समायोजनमै मुद्दा परेर असन्तुष्टि रहेको र संघीय निजामति विधेयक अगाडि बढ्न नसकिरहेका बेला सर्वोच्च अदालतबाट कर्मचारी समायोजन सम्बन्धी मुद्दामा परेको रिटमा परमादेश जारी भएको हो ।

## संघको...

र परिस्थितिमा परिवर्तन आएको भन्दै भुवनसिंह गुरूङको नेतृत्वमा संघमा जाने निर्णय बदर गरी कार्यसमितिको सबै पदमा प्रतिस्पर्धा गर्ने निर्णय गरेको थियो ।

संघको विधान अनुसार एक कार्यकाल पदाधिकारी भएको व्यवसायी मात्रै अध्यक्ष पदमा उम्मेदवार हुन पाउने व्यवस्थाले सीमित व्यवसायीलाई मात्र नेतृत्वमा प्रतिस्पर्धा गर्ने अवसर छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/०८

**रविन फेसन वर्ल्ड एक्सपोर्ट इम्पोर्ट प्रा.लि.**को मिति २०७९/०४/२० गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **थुङ्गा इन्टरनेशनल ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि. नं. ८७७८३)** कायम गर्ने गरी मिति २०७९/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/०५/०८

यस कम्पनीको मिति २०७९/०४/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **विश्वमोहनी टुर्स एण्ड ट्राभल्स प्रा.लि. (प्रा.लि. नं. २७५२२१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०४/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **अल डे टुर्स एण्ड ट्राभल्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**बहराइनमा रोजगार** | १. कम्पनी : ELITE GROUP INTERNATIONAL शहरः Bahrain

पूर्व स्वीकृत मितिः २०७८/०७/१७ चलानी नं.: ६०१७०६४४ L.T. No.: 249708 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Boy | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४८,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chef Departie | 4 | 0 | | 300 | ९६,८२५ | | | | | | | |
| 3. | Cleaner | 10 | 5 | | 100 | ३२,२७५ | | | | | | | |
| 4. | Cook General | 13 | 0 | | 150 | ४८,४१२ | | | | | | | |
| 5. | Kitchen Aide | 15 | 0 | | 110 | ३५,५०२ | | | | | | | |
| 6. | Life Guard | 2 | 0 | | 150 | ४८,४१२ | | | | | | | |
| 7. | Recepstionist | 3 | 4 | | 150 | ४८,४१२ | | | | | | | |
| 8. | Room Attendant | 10 | 4 | | 120 | ३८,७३० | | | | | | | |
| 9. | Secuity Guards | 5 | 0 | | 150 | ४८,४१२ | | | | | | | |
| 10. | Waiter | 12 | 9 | | 150 | ४८,४१२ | | | | | | | |

२. कम्पनी : ALABRAAJ RESTAURANT शहरः MANAMA

पूर्व स्वीकृत मितिः २०७८/१०/२८ चलानी नं.: ६०१७५४२४ L.T. No.: 257751 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४८,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Cleaner | 10 | 0 | | 100 | ३२,२४३ | | | | | | | |
| 3. | Kitchen Worker | 4 | 0 | | 120 | ३८,६९२ | | | | | | | |
| 4. | Waiter | 6 | 9 | | 120 | ३८,६९२ | | | | | | | |

३. कम्पनी : DREAM PROPERTY DEVELOPMENT CO. W.L.L. शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/१२/०७ चलानी नं.: ६०१७६२९७ L.T. No.: 259769 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 12 | 13 | सम्बन्धित काममा दक्ष | 100 | ३२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 25 | 05 | | 120 | ३८,५०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ १५ गते (31 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Easy Overseas Gov Lic No.: 1261/074/75 EASY OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Tel.:01-4016539
9851176605, 9849124498, 9849991143, Pokhara :9802855070



**QATAR मा रोजगारको अवसर** | १. कम्पनी : RIXOS QETAIFAN ISLAND NORTH HOSPITALITY शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/०५ चलानी नं.: ६०१८५९८९ LT. No.:269887

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HOTEL SERVICES | 35 | 10 | सम्बन्धित काममा दक्ष | 1600 | ५५,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | SUPERVISIOR | 3 | 3 | | 2500 | ८७,०२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २१ गते (6 September 2022) मा हुनेछ ।

२. कम्पनी : LA JOLLA HOTEL शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०४/०५ चलानी नं.: ६०१८५९८९ LT. No.:269887

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 2 | 2 | सम्बन्धित काममा दक्ष | 1600 | ५५,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | hotel Services | 6 | 6 | | 1800 | ६२,६५८ | | | | | | | |
| 3. | maint Technician | 4 | 0 | | 2250 | ७८,३२२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २२ गते (7 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Bright Star Human Resource Gov. Lic. No.: 703/064/65
Bright Star Human Resources PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel.: 01- 5910659
Email: brightstarhrnp@gmail.com/ Website: brightstarshr.com



**हरिनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
हरिनगरा, सुनसरी
प्रदेश नं. १, नेपाल

**वोलपत्र स्विकृत गर्ने आसयको सूचना**

प्रकाशित मिति : २०७९/०५/०८

यस हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा 17th june 2022 गते प्रकाशित वोलपत्र आव्हानको सूचना अनुसार देहायको बोलपत्रदाताले पेश गरेको वोलपत्र न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही वोलपत्रका रुपमा छनौट भई स्वीकृतिको लागि सिफारिस भई आएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स. | IFB NO. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| 1. | HRMWORKS/C/NCB/12/2078-079 | Contract name Construction of Shree Ma. Vi. Four Room RCC Building, Harinagar Rural Municipality, Sunsari | Prachabi Builders, inaruwa-7, Sunsari | 63,53,408.7 (Sixty three lakh fifty three thousand four hundred eight and paisa seven without VAT) |

प्रमुख प्रशासकीय अधिकृत

# डडेल्धुरा विमानस्थल निर्माणका लागि तेस्रोपटक अध्ययन

**दिपक राज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ७ भदौ



डडेल्धुरामा वर्षौंदेखि विमानस्थलको चर्चा हुँदै आएको छ। जिल्लाको समैजीमा विमानस्थल निमार्णका लागि वातावरणीय प्रभाव मूल्यांकन (इआइए)को काम अगाडि बढ्ने भएको छ।

प्रारम्भिक चरणमा तीन पटकसम्म प्राविधिक अध्ययन गरिसकेपछि अब इआइएको प्रक्रियामा लैजाने तयारी थालिएको हो। इआइएको प्रक्रिया अगाडि बढेपछि नागरिकमा खुशीयाली छाएको छ।

अजयमेरु गाउँपालिका-१ पुइलेकमा विमानस्थल निर्माणका लागि एक दशक अगाडिदेखि प्रक्रिया अघि बढाइएको थियो। प्रारम्भिक चरणमा अध्ययन गर्दा १ हजार मिटरदेखि १५ सय मिटर सम्मको धावनमार्ग बनाउन सकिने सम्भावना देखिएको छ।

विमानस्थल निर्माण हुने भनिएको क्षेत्रमा बालकल्याण मावि, स्वास्थ्यचौकी, वडा कार्यालय र पुइलेक बजार क्षेत्रका संरचनाहरु रहेका छन्। १ हजार मिटर लामो धावनमार्ग मात्रै बनाए विद्यालय लगायतका अन्य संरचना अधिग्रहण गर्न नपर्ने देखिएको अमरगढी नगरपालिका नगर प्रमुख डिल्लीराज जोशीले बताए।

१५ सय मिटर लामो धावनमार्ग बनाए विद्यालय, स्वास्थ्यचौकी, वडा कार्यालय र पुईलेक बजारका संरचना अधिग्रहण गर्नुपर्ने प्राविधिक अध्ययनले देखाएको उनले बताए। 'डडेल्धुराबाट काठमाडौं हवाई सेवा सुचारु गर्नका लागि धावनमार्ग १५ सय मिटर आवश्यक हुन्छ, हामी त्यसैका लागि पहल गरिरहेका छौं,' उनले भने।

समैजीमा गरिएको अध्ययनअनुसार दुईतर्फी ल्याण्डिङ्ग हुने देखिदैन। दक्षिण तर्फबाट मात्रै ल्याण्डिङ्गको सम्भावना देखिएको प्राविधिक अध्ययन गरिरहेको आईएफआईडी नेपालका ईन्जिनियर स्मरण भट्टले बताए। नेपाल नागरिक उड्ययन प्राधिकरणले १५ सयको धावनमार्ग बनाउदा करिब चार अर्ब रुपैयाँ खर्च हुने अनुमान छ।

१ हजार मिटर लामो मात्रै धावनमार्ग बनाउदा करिब डेढ अर्ब रकम खर्च आउने अनुमान प्राधिकरणले गरेको विमानस्थल निर्माणमा अगुवाई गरेका समाजवादी पार्टीका नेता डा. तारा जोशीले बताए। प्राधिकरणले गतवर्ष नै विमानस्थल निर्माणको कामअघि बढाउन ५ करोड रकम विनियोजन गरेको थियो। समैजीमा विमानस्थल बन्ने खबरले स्थानीयवासी खुसी भएको वडा अध्यक्ष दत्ति भण्डारीले बताए।

# 'संघीयता जोगाउनु दलको दायित्व हो'

**मोरङ/मस-** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले संघीय लोकतान्त्रिक गणतन्त्र जोगाउनु दलहरूको दायित्व भएको बताएका छन्। संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति र प्रदेश नं १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा मंगलबार आयोजित 'संघीय शासन प्रणाली सवलीकरण' विषयक दुई दिने अन्तर्क्रियाको उद्घटन गर्दै उनले दलहरू जनताप्रति समर्पित भएमा संघीयता सवल हुनुका साथै सदृढ हुने बताए। संघीयताको लक्ष्य मुलुकमा सुशासन कायम गरी विभेद अन्त्य गर्ने उनको विश्वास थियो। अध्यक्ष तिमिल्सिनाले मुलुकमा संघीयतामा स्थापना भएको पाँच वर्षको अवधिमा लक्ष्य तोकिएको विकास निर्माण र तीन तहका सरकारले गरेका राम्रा कामको सम्बन्धमा जनतालाई जानकारी गराउनुपर्ने आवश्यकता औंल्याए।

**NEPAL RED CROSS SOCIETY**

**Notice for Re-Sealed Proposal**

**Date of Publication: 24 August, 2022**


Nepal Red Cross Society (NRCS) intends to recruit a firm or Advertising Agency for Information Education and Communication material (infographic animated video) production and social media dissemination of Nepal Red Cross Society. Interested registered firms are requested to submit their technical and financial sealed proposals for the work. Terms of reference for the work can be obtained from Nepal Red Cross Society, National Headquarters, Kalimati, Kathmandu during office hours in working days up to 30 August, 2022 against payment of Rs. 1,000/- (non-refundable).

Application Materials should include: Detailed response to Separate TOR, with specific focus addressing the purpose and objectives of the assignment, methodology to be used. Initial work plan based on methodology outlined, and availability of consultant. Recent tax clearance certificate PAN, VAT and firm registration certificate and self-declaration & relevant experience. All the pages of the Technical and Financial proposal must get signed and stamped with your organization. Clearly mentioned in Both subject wise Technical and Financial proposal should be submitted in two separate sealed envelopes. The successful bidder will have to deposit 10% (ten percent of quoted value of the materials as performance bond.

Interested candidates should submit the Proposal on or before 31 August, 2022 up to 14:00 hours at Nepal Red Cross Society Kalimati. Received technical proposal will be opened on 31 August, 2022 at 15:00 hour. Technically qualified firms will be selected for next step in the application process. NRCS reserves the right to accept or reject any sealed proposal.

**Nepal Red Cross Society**
**National Headquarters**
**Kalimati, Kathmandu**
**Ph. 5370650**

# थप ६३४ जनामा कोरोना




**काठमाडौं/मस-** मंगलबार थप ६ सय ३४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। थप एक जनाको मृत्यु भएको छ। पछिल्लो २४ घण्टामा चार हजार नौ सय ४९ को नमूना परीक्षण गरिएको थियो। दुई हजार सात सय ५७ ले पिसिआर र दुई हजार एक सय ९२ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार मंगलबार १६ हजार छ सय ५३ ले कोभिडविरुद्धको खोप लगाएका छन्। यही अवधिमा चार सय १७ कोरोना सङ्क्रमणमुक्त भएका छन्। यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ७९ हजार सात ७४ पुगेको छ। सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव चार प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको संख्या चार हजार दुई सय २१ रहेको छ। अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार नौ सय ९४ पुगेको छ। होम आइसोलेसनमा चार हजार ४४, संस्थागत आइसोलेसन एक सय ७७, आइसियु ५२ र भेन्टिलेटरमा तीन जना सङ्क्रमित रहेका छन्।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौं र ललितपुर रहेको छ भने दुई सयभन्दा बढी सङ्क्रमित रहेको जिल्लमा काभ्रेपलाञ्चोक रहेको छ। शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, कालीकोट, हुम्ला, डोल्पा र मुग रहेका छन्। उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा एक हजार ८ सय ७९, ललितपुर ६ सय ८८ र भक्तपुरमा ६१ सक्रिय संक्रमित रहेका छन्। कूलमा सङ्क्रमणदर १६ दशमलव ९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

# जयपृथ्वीबहादुरलाई अन्तर्राष्ट्रिय विभूति घोषणा गर्न माग

काठमाडौं/मस-विश्व शान्तिको प्रवर्द्धनका लागि राष्ट्रिय विभूति जयपृथ्वीबहादर सिंहलाई अन्तर्राष्ट्रिय विभूतिका रूपमा घोषणा गर्न माग गरिएको छ।

सिंहको १४६ औं जन्मजयन्तीका अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठानले आज यहाँ आयोजना गरेको 'राष्ट्रिय विभूति जयपृथ्वीबहादर सिंह र मानवतावाद' विषयक प्रवचन गोष्ठीका वक्ताले मानवतावादका विषयमा सिंहले दिएको दर्शन महत्वपूर्ण भए पनि त्यसलाई जनसमक्ष बुझाउन नसक्दा उहाँको योगदान ओझेलमा परेको बताए।

कार्यक्रममा प्रतिष्ठानका उपकुलपति डा.जगमान गुरुङले सत्ता सुख छोडेर जनताको हितमा लाग्ने व्यक्तित्वका रूपमा जयपृथ्वीबहादुर सिंहलाई भावी पुस्ताले सम्झने बताए। जंगबहादुर राणाका नाति र चन्द्रशम्शेरका ज्वाइँ भएर पनि सिंहले जनताको हितका लागि शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासलगायत क्षेत्रमा काम गरेको ऐतिहासिक तथ्य रहेको उनले बताए।

सुदूरपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा अम्मरराज जोशीले पहिलो विश्वयुद्धको विभत्स दृश्यले जयपृथ्वीबहादुर सिंहले मानवतावादी दर्शन प्रवर्तन गर्नुभएको बताए। मानव अधिकारका दार्शनिक चिन्तन गर्ने पहिलो व्यक्तित्व पनि सिंह नै भएको उनको भनाइ थियो। मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपकुलपति प्रा.डा नन्दबहादुर सिंहले बझाङको ५५ औं राजाको पद भाइलाई छोडेर सिंह मानवतावादी अभियानमा लाग्नुभएको बताए। उनले बेलायतबाट फर्केपछि ससुरा तत्कालीन श्री ३ चन्द्रशम्शेरसँगै फरक मत राखी शिक्षालगायत सुधारमा जयपृथ्वीबहादुर लाग्नुभएको उनले जानकारी गराए।

मानवतावाद र जयपृथ्वी फाउण्डेसनका अध्यक्ष मीनबहादुर सिंहले जयपृथ्वीबहादुरलाई अन्तर्राष्ट्रिय विभूतिका रूपमा घोषणा गर्न यंयुक्त राष्ट्रसंघमा प्रस्ताव गर्ने तयारी भएको बताए। मानवतावादका माध्यमबाट विश्व शान्तिलाई प्रवर्द्धन गर्न पनि जयपृथ्वीबहादुरलाई अन्तर्राष्ट्रिय विभूतिका रूपमा घोषणा गराउन परराष्ट्र मन्त्रालयको सहयोगमा प्रक्रिया अघि बढाउन लागिएको उहाँले बताए।

प्रतिष्ठानका सदस्य सचिव प्रा.जगतप्रसाद उपाध्यायले देवशम्शेरलाई विज्ञान शिक्षा अघि बढाउन सल्लाह दिने व्यक्तित्वका साथै शिक्षाको विकासमा लाग्न प्रेरणा दिएको योगदानलाई भुल्न नसकिने जानकारी गराए। कार्यक्रममा प्रेमबहादुर धामीले 'राष्ट्रिय विभूति जयपृथ्वीबहादर सिंह र उनको मानवतावाद' विषयक गोष्ठीपत्र प्रस्तुत गर्दै मानवताको प्रवर्द्धनका लागि धार्मिक सिद्धान्त प्रयोग गर्नुपर्छ भन्ने उनको मूल विचार रहेको बताए। कार्यक्रममा प्राज्ञ दिनेशराज पन्तले नक्साल, चैनपुरलगायत स्थानमा पाठशाला खोलेका सिंहले पहिलो पाठ्यपुस्तक लेख्नेलगायत काम गरी नेपालको शिक्षाको पिताका रूपमा स्थापित हुनुभएको बताए।

सो अवसरमा अन्तर्राष्ट्रिय मानवतावादी संस्थाका सदस्य उत्तम निरौला, थाहा पुस्तकालयका शिव अधिकारी, त्रिचन्द्र क्याम्पस दर्शन शास्त्र विभागका सहप्राध्यापक डा.गोविन्दशरण उपाध्याय, पञ्चसत्य सनातन, नेपाल पत्रकार महासंघका सचिव ललितबहादुर सिंह, प्रा डा राजाराम सुवेदीलगायतले जयपृथ्वीबहादुर सिंहले विभिन्न क्षेत्रमा गर्नुभएको योगदानका बारेमा चर्चा गरेका थिए।

Government of Nepal (GoN)
**Badigad Rural Municipality, Baglung**

**Invitation for Bids for the Procurement and Delivery Of CGI Sheet**


**Contract Identification No. BRM/NCB/G/01/2079-080**
**Date of Publication : 23-08-2022**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement and Delivery of CGI Sheet (IFB No: BRM/NCB/G/01/2079-080). Bidding is open to all eligible Nepalese and Foreign Bidders (Defined in the guidelines)
2. The Badigad Rural Municipality, Baglung invites sealed and or electronics bids from eligible bidders for the procurement of Procurement and Delivery Of CGI Sheet under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
   (**Note:** In case of IFB to be published as slice basis the purchaser may add following information: The bidder may submit the bid for single or more slices as mentioned below and offer discounts/cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.)
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Badigad Rural Municipality, Baglung Badigad Rural Municipality, Baglung
   Badigad-5, Baglung
   Gwalichaur, Baglung
   Gandaki Province
   Nepal or may visit PPMO egp system website **www.bolpatra.gov.np/egp.**
4. If hardcopy is allowed then a complete set of Bidding Documents may be purchased from the office Badigad Rural Municipality, Baglung, Badigad Rural Municipality, Baglung
   Badigad-5, Baglung
   Gwalichaur, Baglung
   Gandaki Province
   Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate and upon payment of a non-refundable fee of NRs 3000.0 till 22-09-2022 12:00 during office hours
   OR
   A complete set of bidding documents may be purchased from the following bank/office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000.0 NRs till 22-09-2022 12:00. If so requested Bidding Documents can also be sent by post/service upon payment of additional fee for post/courier. However the Employer will not be responsible for delay or non-delivery of the document to sent
   Name of Bank : Prabhu Bank Ltd. Null,
   Name of the Office : Badigad Rural Municipality, Baglung
   Office Code No : 801044509
   Office Account no: 1420115804700071
   Rajaswa (revenue) Shirshak no: 14229
5. Pre-bid meeting shall be held at: Badigad Rural Municipality, Baglung
   Badigad-5, Baglung
   Gwalichaur, Baglung
   Gandaki Province
   Nepal at 12-09-2022 10:30
6. Sealed or Electronic bid must be submitted to the office https://www.bolpatra.gov.np/egp Through PPMO website **www.bolpatra.gov.np** on or before 22-09-2022 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-09-2022 15:00 hours at the office of Badigad Rural Municipality, Baglung
   Badigad-5, Baglung
   Gwalichaur, Baglung
   Gandaki Provience
   Nepal
   Bids must be valid or a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of c-bid, amounting to a minimum of 270000.0 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**CAO**
**Chetnarayan Bhandari**

# दोधारा-चाँदनी : 'उहिले विकट, अहिले समृद्ध'

**शेरबहादुर सिंह/रासस**
महेन्द्रनगर, ७ भदौं



दोधारा चाँदनीका उपप्रमुख गङ्गादेवी जोशीको परिवार २०२७ सालमा जाजरकोटबाट बसाइँ सरी कञ्चनपुरको दोधारा-चाँदनी आयो। कञ्चनपुरको भौगोलिक रूपले विकट महाकाली नदी पारिको दोधारा चाँदनीमा जोशी परिवारले त्यो बेला अभावै अभाव झेल्नुपर्यो।

'वन्यजन्तुको त्रासदेखि सदरमुकाम महेन्द्रनगर पुग्नको कठिनाइ विगतमा थिए', उनले भनिन्, 'अहिलेको विकास हेर्दा सपना जस्तै लाग्छ।' कञ्चनपुरको टापुका रूपमा चिनिएको दोधारा चाँदनीमा २०२२ सालको सेरोफेरोमा बसोबास थालिए पनि महाकाली नदीमा झोलुङ्गे पुल बनेपछि मात्रै सुखका दिन आएको जोशी बताउँछिन्।

'२०५८ सालमा तत्कालीन जनप्रतिनिधिको विशेष पहलमा दोधारा चाँदनी जोड्ने झोलुङ्गे पुल बनेपछि हामी सदरमुकाम र मूलधारसित जोडिएका हौं', उनले भनिन्, 'त्यसअघिका दोधारा चाँदनीवासीको पीडा अहिले शब्दले व्यक्त गर्न सकिँदैन।'

झोलुङ्गे पुल बन्नुअघि हिउँदमा घण्टौं बगरमा हिँडेर महेन्द्रनगर लगायतका ठाउँमा आवातजावत गर्नुपरेको थियो। 'वर्षातमा स्याउले हुँदै भारतको वनबासाको पुल भएर नेपाल आउनुपर्ने बाध्यता थियो', जोशीले भनिन्, 'वनबासा पुल पुग्नुअघि चोरी डकैतीका साथै जङ्गलमा जनावरको त्रास हुन्थ्यो।'

महाकाली नदीमा झोलुङ्गे पुल बनेपछि ढुङ्गा र भारतीय भूमिबाट ओहोरदोहोर गर्नुपर्ने बाध्यता हटेको छ। दोधारा चाँदनीवासी अहिले ठूला सवारीसाधन लिएर निर्माणाधीन चार लेनको पक्की पुलबाट सहज रूपमा आवतजावत गरिरहेका छन्।

'त्यो बेला यहाँ वन फाडेर खेतीपाती गर्नुपर्ने तर खाद्यान्न लिन भारतकै भर पर्नुपर्ने बाध्यता थियो', दोधारा चाँदनी नगरपालिका-१ का राजेन्द्र चन्दले भने, 'न यहाँ एम्बुलेन्स थिए, न त डाक्टर नै।' सडक, स्वास्थ्य र शिक्षाको पहुँचबाट टाढा रहेको यहाँ २०५० सालअघि स्थानीयले धेरै समस्यासित जुध्नुपरेको थियो।

'अहिले त स्याउलेदेखि कुतियाकवरसम्म पक्की सडकदेखि हरेक खोला नालामा पक्की पुल बनिसके', चन्दले भने, 'सुक्खा बन्दरगाह र चार लेनको पक्की पुलले दोधारा चाँदनी आर्थिक समृद्धिको हब भइसक्यो।' झोलुङ्गे पुल बनेपछि दुःख, कष्ट नै हराएको चन्द बताउँछन्। उनले भने, 'चार लेनको पक्की पुल र सुक्खा बन्दगाहले सुदूरपश्चिमकै आर्थिक विकासमा टेवा पुग्ने छ।'

**हार्दिक श्रद्धाञ्जली एवं समवेदना**



जन्मः २०४७/०९/०२

स्वर्गारोहणः २०७९/०४/२७

**स्व. भक्त रावल**

यस बाजुरा वितरण केन्द्रमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी बडिमालिका न.पा. ०८ निवासी वर्ष ३२ का **भक्त रावल** मिति २०७९/०१/११ गते देखि ने.वि.प्रा बाजुरा वितरण केन्द्रमा नियमित रुपमा कार्यरत रही यस कार्यालय अन्तर्गत मिति २०७९/०४/२६ गते कार्यालयको कर्तव्य पालनाको सिलसिलामा बुढीगंगा न.पा. ०२ बल्दे नजिकै ११ के.भी प्रसारण लाईन मर्मत गर्ने क्रममा करेन्ट लागेर घाईते भई उपचारको क्रममा मृत्यु भएका स्व. **भक्त रावल**प्रति बाजुरा वितरण केन्द्र परिवारको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्राथना गर्दछौं।

**नेपाल विद्युत प्राधिकरण**
बाजुरा वितरण केन्द्र

मध्यान्ह
www.madhyanhadaily.com
८ भदौ २०७९, बुधबार
24 August 2022, Wednesday

## सम्पादकीय

# असंवेदनशील अड्चन

राजनीतिक दाउपेचका कारणले संकटमा फसेको सर्वोच्च अदालतले अझै निकास पाउन सकेको छैन । निकासको अर्थ न्यायालयले निर्धक्क न्याय सम्पादन गर्न सकिरहेको छैन । गएको फागुनदेखि सर्वोच्च अदालतले कार्यबाहक नेतृत्वको आधारमा चलिरहेको छ । कार्यबाहक न्यायाधीश दीपक कार्कीपछि हरिकृष्ण कार्कीबाट सर्वोच्च अदालत चलिरहेको छ । तर निलम्वित प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको मुद्दा टुंगोमा पुग्न सकेको छैन । जबरामाथि सत्तारूढ दलका ९८ सांसदले महाअभियोग लगाएपछि कार्यबाहक नेतृत्वबाट न्यायालय चलिरहेको छ । तर महाअभियोग टुंगोमा पुऱ्याउनेतर्फ दलहरूको ध्यान गएको छैन । सत्तारूढ दलहरू महाअभियोग लगाएर अन्य विजनेसमा व्यस्त छन् भने प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले महाअभियोगको विपक्षमा उभिएर आफ्नो पोजिसन कायमै राख्ने अडानमा छ ।

तर्क भने दुवै पक्षले न्यायालय सुधारकै निम्ति भएको राखिरहेका छन् । न्यायालयको सुधारकै निम्ति महाअभियोग लगाइएको सत्तारूढ नेतृत्वको तर्क छ । पूर्वप्रधानमन्त्री झलनाथ खनालले त महाअभियोग पारित गर्नका निम्ति नभएको सार्वजनिक अभिव्यक्ति दिएका थिए । यसको अर्थ महाअभियोग लगाएर जबरालाई न्याय सम्पादनबाट अलग गर्न नै सत्तारूढको उद्देश्य हो । एमालेले भने महाअभियोग लगाउनुलाई न्यायालयमाथिको हस्तक्षेप भएको व्याख्या गरिरहेको छ । जबकी सर्वोच्च अदालतकै न्यायाधीशहरू जबराविरूद्ध हड्तालमा उत्रिएको थियो । कार्यकारीसँग भागबण्डामा न्यायको सौदाबाजी गरेको तर्कसहित न्यायाधीशहरूले जबराको बहिर्गमनको माग गरेका थिए । न्यायाधीशहरूको निष्कर्षमा पूर्वप्रधानन्यायाधीशहरू, पूर्वन्यायाधीशहरू र अधिबक्ताहरूको छाता संस्था नेपाल बार एशोसियशनले पनि ऐकेबद्धता जनाएका थिए ।

न्यायिक क्षेत्रले जबरालाई हटाउनुपर्ने माग राख्दा दोषी भने सत्तारूढ र प्रतिपक्षी दुवैतर्फका दलहरूलाई पनि मानेका थिए । जबराले पहिले एमाले नेतृत्वको सरकारसँग भागबण्डा लिएका थिए । संवैधानिक निकायमा सिफारिस गर्दा जबराले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसँग भागबण्डा लिएका थिए । उक्त भागबण्डाका सिफारिसबाट नियुक्त भएकाहरूविरूद्ध परेको मुद्दाको अझै फैसला हुन सकेको छैन । अदालतमा ती मुद्दा विचाराधीन नै छ । ओलीसँग भागबण्डा लिएका जबराले फेरि प्रधानमन्त्री शेरबहादुर देउवासँग भागबण्डा लिएका थिए । देउवासँग मन्त्रीकै कोटा लिएका थिए । तर चर्को विरोधपछि जबराको कोटामा मन्त्री नियुक्त गजेन्द्रबहादुर हमालले राजीनामा दिए । तर त्यो राजीनामाबाट न्यायिक क्षेत्र शान्त भएन, आन्दोलन चर्काए । जबरामाथि लगाइएको महाअभियोगले अझै निकास नपाएकाले आन्दोलन कायमै रहेको बारले जनाउँदै आएको छ । तर न्यायालय जस्तो संवेदनशील क्षेत्रबारे दलहरूले भने प्रतिष्ठाको विषय बनाएर कार्यबाहक प्रधानन्यायाधीशबाट चल्ने अवस्था तोडेका छैनन्, जुन कदमले भोलि जुनसुकै बेला संकट आइलाग्ने खतरा छ । तर यसतर्फ दलहरूको ध्यान गएको देखिन्न ।

# बदलिँदो विश्व र राजनीतिको नयाँ बाटो

*नेपाली समाजको समग्र क्षेत्रमा पनि विचौलियाहरूको बोलबाला छ, त्यसमध्ये पनि सबैभन्दा बढी कृषि श्रमिकहरू बिचौलियाहरूको शोषण र उत्पीडनमा परेका छन् । देशमा मैलाउदो बचौलिया प्रणालीविरूद्ध धावा नबोली नेपाली अर्थव्यवस्थामा सुधार ल्याउन सकिँदैन ।*

अग्रलेख



● राजन तिमल्सिना

विश्व बदलिँदो छ। समकालीन विश्वमा युगान्तकारी परिवर्तनको तीब्रतासँगै पुराना राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक मूल्य मान्यता र अवधारणाहरु क्रमशः विघटन हुँदै गइरहेका छन् । विशेषतः पछिल्लो तीन दशक यता विकास भएको विज्ञान प्रविधिको चमत्कारिक विकासले मानव समाजको मूल प्रवृति नै फेरिएको छ । मानव समाज विकासका ऐतिहासिक चरणहरुमा परिस्कृत भएका दार्शनिक र शैद्धान्तिक मूल्य मान्यताहरुले नयाँ विश्वको व्याख्या गर्न असमर्थ भएको छ । उदीयमान विश्वमा विज्ञान प्रविधिक क्रान्तिले सिर्जना गरेका नयाँ-नयाँ चुनौतीहरुको सामना गर्न पुरानो राजनीतिक दर्शन र सिद्धान्तलाई नयाँ कसी लगाउनु आवश्यक भएको छ । भूमण्डलीकृत विश्वमा विज्ञान प्राविधिक क्रान्तिले सिर्जना गरेका नयाँ-नयाँ संकट र चुनौतीहरुको सामना गर्न पुरानो राजनीतिक दर्शन, शिद्धान्त, कार्यनीति र रणनीतिको ठाउँमा आ-आफ्नो देशको सापेक्षतामा मौलिक कार्यनीति, रणनीति, सिद्धान्त, विचार र सँगठनात्मक स्वरूपलाई नयाँ स्तरमा विकास गर्न ढिला भैसकेको छ । विगतमा मानव मस्तिष्कले कल्पनै नगरेको प्रविधिको विकाससँगै यस अधिका सैद्धान्तिक र दार्शनिक मान्यताहरु पुराना भैसकेका छन् । यसलाई नयाँ ढंगको थप व्याख्या विश्लेषण बिना आजको दुनियाँलाई बुझ्नै नसकिने भएको छ । विश्वमा समाजवादी व्यवस्थामा मात्र होइन कि पूँजीवादी व्यवस्थामा पनि ठूलै संकट विघटन आइरहेको छ । पूँजीवादी व्यवस्थाको विकल्प भनेकै वैज्ञानिक समाजवादी व्यवस्था हो । परम्परागत समाजवादले समकालीन विश्वका अन्तरविरोधको मुकाबिला गर्न असमर्थ भइसकेको छ । राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा श्रृजित तामाम अन्तरविरोधहरुको वैज्ञानिक आधार खोजी नयाँ ऐतिहासिक विकल्प पेश गर्नु वैज्ञानिक समाजवादको प्रमुख उद्देश्य हो ।


भूमण्डलीकृत विश्वमा विज्ञान प्रविधिको विकासले समाजको एउटा वर्गलाई सभ्रान्त वर्गमा रूपान्तरण गराएको छ भने अर्को वर्गले त्यसको उपयोग मात्र गर्न सक्छ, त्यसवाट फाइदा लिन सकेको छैन । विश्वका १ प्रतिशत धनाढ्यहरुको हातमा विश्वको ९९ प्रतिशत स्रोत साधन र सम्पती केन्द्रित भएको छ भने विश्वका ९९ प्रतिशत श्रमजीवी जनताको हातमा १ प्रतिशत भन्दा कम स्रोत साधन सम्पति रहेको तथ्य भर्खरै सार्वजनिक भएको छ ।

